# काठमाडौँ महानगरपालिका

## येँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल

(प्रशासन विभाग)

प.सं.: ०८३।०८४

च.नं.:

## स्वास्थ्य सेवाका कर्मचारी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः- २०८३/०५/२३

काठमाडौ महानगरपालिका सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी कार्यविधि, २०७९ बमोजिम महानगरपालिका भित्र रहेका सहरी स्वास्थ्य प्रवर्धन केन्द्रहरु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्र, अकुपञ्चर सेवा केन्द्रहरु लागि करारमा कामकाज गर्न देहायका जनशक्ति आवश्यक भएकाले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध) दिन (दोब्बर दस्तुरमा थप ७ दिन) भित्र कार्यालय समयमा तोकिएको राजश्व तिरेको सक्कल रसिद वा QR बाट भुक्तानी गरेको statement, शैक्षिक योग्यता र भएमा कार्यानुभवको प्रमाणहरुको Scan Copy सहित वेभसाईट **www.kathmandu.gov.np** मा रहेको अनलाईन आवेदन प्रणाली मार्फत दरखास्त दिनुहुन ईच्छुक सबैका लागि जानकारी गराइन्छ ।

तपशिल

| क्र.सं. | विज्ञापान नं. | पद | तह | सेवा/समुह | सम्वन्धित पदको शैक्षिक योग्यता | माग संख्या | राजश्व रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ०२-२०८३/०८४ | मेडिकल अधिकृत (प्रा.) | आठौ | स्थानीय स्वास्थ्य/ जनरल हेल्थ, जनरल हेल्थ सर्भिसेज | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | ५ (पाँच) | १२००/- |
| २. | ०३-२०८३/०८४ | आयुर्वेद चिकित्सक (प्रा.) | आठौ | स्थानीय स्वास्थ्य/ आयुर्वेद | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.ए.एम.एस. वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | १ (एक) | १२००/- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | ०४-२०८३/०८४ | ल्याब टेक्निसियन (प्रा.) | पाँचौ | स्थानीय स्वास्थ्य/ मेडिकल ल्याब टेक्नोलोजी | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | १० (दस) | ५००/- |
| ४. | ०५-२०८३/०८४ | फिजियोथेरापी असिस्टेन्ट (प्रा.) | पाँचौ | स्थानिय स्वास्थ्य/ फिजियोथेरापी | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | ३ (तीन) | ५००/- |
| ५. | ०६-२०८३/०८४ | फार्मेसी सहायक (प्रा.) | पाँचौ | स्थानीय स्वास्थ्य/ फार्मेसी | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | ३ (तीन) | ५००/- |
| ६. | ०७-२०८३/०८४ | अकुपञ्चर सहायक (प्रा.) | पाँचौ | स्थानीय स्वास्थ्य/ अकुपञ्चर | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अकुपञ्चर विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | १ (एक) | ५००/- |
| ७. | ०८-२०८३/०८४ | रेडियोग्राफर (प्रा.) | पाँचौ | स्थानिय स्वास्थ्य/ रेडियोग्राफी | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता र अध्यावधिक भएको | ५ (पाँच) | ५००/- |

१. परीक्षाको किसिमः- लिखित परीक्षा (७० अंक),, स्थानीयता (५ अंक) र अन्तरवार्ता (२५ अक)

२. परीक्षा केन्द्रः- काठमाडौ महानगरपालिकाले तोके बमोजिम ।

३. लिखित परीक्षा मितिः- पछि प्रकाशित गरिनेछ ।

४. उमेदवारको उमेरको हदः- दरखास्त दिने अन्तिम मिति सम्म अधिकृतस्तरको हकमा २१ वर्ष र सहायकको १८ वर्ष पुगी ३५ वर्ष ननाघेको तर महिला उम्मेदवार कर्मचारीको हकमा ४० वर्ष ननाघेको ।

५. करार अवधिः- ६ महिना (कार्यालयको आवश्यकता अनुसार कार्यसम्पादन उत्कृष्टताका आधारमा नवीकरण हुन सक्ने) ।

६. दरखास्त र राजश्व दस्तुर वुझाउने विधि र स्थानः- अनलाइन आवेदन प्रणाली (kathmandu.gov.np) मा दरखास्त पेश गर्ने र दस्तुर रकम NIC Asia बैंकमा रहेको काठमाडौं महानगरपालिकाको बैंक खाता नं. 0012050061475040 (Kathmandu Mahanagarpalika Ga 1.1 Samajik Bikash Bivhag) मा जम्मा गर्ने वा संग्लग्न QR मार्फत समेत दस्तुर दाखिला गर्न सकिनेछ ।

SAMAJIK BIKASH BIVHAG
Terminal: 2222120019728447
Bank Branch: Tripureswor

७. कार्य अनुभवः- सरकारी, सरकारी मान्यता प्राप्त संस्था एवं निजी क्षेत्रमा काम गरेको अनुभव वा तालिमलाई प्राथमिकता दिईनेछ ।

८. उम्मेदवारले अपलोड गर्नुपर्ने कागजातहरुः-

क. नेपाली नागरिकताको प्रमाणपत्र (दुवैतर्फ देखिने गरी) ।

ख. दस्तखतको नमूना तथा आवेदकको फोटो ।

ग. न्यूनतम शैक्षिक योग्यता र भएमा माथिल्लो शैक्षिक योग्यता भएमा योग्यता खुलेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र ।

घ. नेपाल मेडिकल काउन्सिलमा दर्ता र नविकारण भएको प्रमाणपत्र ।

ङ. परीक्षा दस्तुर दाखिला गरेको बैक भौचर वा स्क्रिनसट (Screenshot) ।

च. विदेशी शैक्षिक संस्थावाट प्राप्त शैक्षिक उपाधीको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्र समेत ।

छ. स्थानीयताको सम्वन्धमाः- काठमाडौ महानगरपालिका भित्रको स्थायी वासिन्दा प्रमाणितको हकमा विवाह दर्ता, वसाई सराई (नागरिकता प्रमाणपत्रमा स्थायी ठेगाना काठमाडौ महानगरपालिका नखुलेको हकमा) फोहर प्रभावित क्षेत्र (जिल्ला नुवाकोट ककनी गाउँपालिका वडा नं. १, २ र ३ नं., जिल्ला धादिङ धुनीवेशी नगरपालिका वडा नं. १, ३ र ४) को हकमा उल्लिखित विवरणका साथै सम्वन्धित वडा कार्यालयको सिफारिस समेत ।

ज. तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF/JPEG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका वारेमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ ।

९. अन्तरवार्ता मिति र स्थानः- लिखित परिक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

१०. परीक्षाको पाठ्यक्रमः- लोकसेवा आयोग/प्रदेश लोकसेवा आयोग/कामपाले तोकेको पाठ्यक्रमको आधारमा (सम्लग्न छ) ।

११. पदमा रही गर्नुपर्ने कामको विवरणः- काठमाडौ महानगरपालिका स्वास्थ्य विभागले तोके अनुसार ।

१२. सेवा तथा सुविधाः- काठमाडौ महानगरपालिकाले तोके बमोजिम ।

काठमाडौ महानगरपालिका